श्री सर्वोच्च अदालतमा चढाएको

सार-संक्षेपीकरण

विषयः नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम उत्प्रेषण, परमादेश लगायत जो चाहिने आज्ञा, आदेश वा पुर्जी जारी गरीपाउँ ।

ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ स्थित क्वयेर युथ ग्रुपको तर्फबाट अख्तियार प्राप्त ऐ.ऐ. बस्ने वर्ष २२ को रुक्शना कपाली ................. १ निवेदक

विरुद्ध

गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं समेत .............................................. १ विपक्षी

१. रिट निवेदनको व्यहोरा : नेपालको संविधान धारा १२ ले लैङ्गिक पहिचान सहितको नागरिकता सुनिश्चित गरेको छ भने यसै सम्मानित सर्वोच्च अदालतद्वारा विभिन्न रीट निवेदनहरूमा लैङ्गिक पहिचान व्यक्तिको स्वःअनुभूतीद्वारा निर्धारण हुने र त्यसमा व्यक्तिको आत्मनिर्णयको अधिकार हुने भनि फैसला भएको छ । तर विपक्षीले हाम्रो लैङ्गिक पहिचान अनुसार नागरिकता प्रमाणपत्र कायम गर्नको लागि हामीलाई लिङ्ग परिवर्तन शल्यक्रिया गर्न बाध्य तुल्याएको छ । हामी माथि भैराखेको अन्यायको सम्बोधन हुने अन्य बैकल्पिक उपचारको अभावमा प्रस्तुत सार्वजनिक सरोकारको निवेदन लिई सम्मानित अदालतको शरणमा आएका छौं ।

२. संवैधानिक तथा कानूनी प्रश्नः नेपालको संविधानको धारा १२, १६, १७, १८, ३५ र ४२ एवं अन्तर्राष्ट्रिय मानव अधिकार कानून, मापदण्ड एवं अभ्यास समेत संग सम्बन्धीत कानूनी प्रश्न ।

३. माग गरिएको उपचार :

क) पारलैङ्गिक व्यक्तिहरूले आफ्नो लैङ्गिक पहिचान अनुसारको नाम तथा लैङ्गिक विवरण कायम गर्नको लागि हामीलाई लिङ्ग परिवर्तन शल्यक्रिया गर्न बाध्य पार्ने कार्य हाम्रो

Bodily autonomy and integrity लाई कुण्ठित पार्ने नेपालको संविधान धारा १२, १६, १७, १८, २२, ३५ र ३८ तथा अन्तर्राष्ट्रिय कानून एवं सम्मानित सर्वोच्च अदालतको नजीर सिद्धान्त समेत विपरीत भएको हुनाले मिति २०७८/०१/१४ च.नं. ३१११ गृह मन्त्रालयको पत्र अन्तर्गत बुँदा १ मा उल्लेख प्रावधान भएको स्वेच्छाचारी नीतिगत निर्णयलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ ।

ख) पारलैङ्गिक व्यक्तिहरूले आफ्नो लैङ्गिक पहिचान अनुसारको नाम तथा लैङ्गिक विवरण कायम गर्नको लागि विशेष प्रक्रिया अपनाउनुपर्ने र जिल्ला प्रशासन कार्यालय, गृह मन्त्रालय र मन्त्रीपरिषद्लाई मनासिब लागेमा मात्र व्यक्तिको लागि निर्णय गर्ने स्वेच्छाचारी र सामान्ती अभ्यास संविधान धारा १२ र १८ समेत विपरीत भएको हुनाले मिति २०७८/०१/१४ च.नं. ३१११ गृह मन्त्रालयको पत्र अन्तर्गत बुँदा २ मा उल्लेख प्रावधन भएको नीतिगत निर्णयलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ ।

ग) प्रारलैङ्गिक व्यक्तिहरूले आफ्नो लैङ्गिक पहिचान अनुसारको नाम तथा लैङ्गिक विवरण कायम गर्नको लागि आत्मनिर्णयको अधिकार सुनिश्चित गर्न विपक्षीको नाउँमा परमादेश जारी गरिपाउँ ।

सार-संक्षेपिकरण प्रस्तुतकर्ता

नेपाल संवत् ११४२ साल थिंला महिना २७ गते
इति संवत् २०७८ साल मंसिर महिना २९ गते रोज ४ शुभम् ..................................।